नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- २०७६/७७
चलानी नम्बरः-२२८

मितिः- २०७६/०६/१२

श्री स्थानीय तह (सबै),

*विषयः- बजेट तथा कार्यक्रम बाँडफाँड सम्बन्धमा ।*

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको च.नं. ३३५ मिति २०७६/०६/०८ को पत्रानुसार "एक स्थानीय तह एक प्राविधिक कार्यक्रममा लागत सहभागिता सहित" शिर्षकमा विनियोजन भएको रकम रु. ३० करोडको बाँडफाँड विषयका सम्बन्धमा तपशिल बमोजिम निर्णय भएकोले सोही बमोजिम कार्यान्वयन गर्नु हुन अनुरोध छ ।

तपशिलः-

१. कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्रस्ताव भए बमोजिम कृषि सेवा तर्फ कार्यरत १३१३ जनाका लागि रु.१३ करोड ९९ लाख ६० हजार र पशु सेवा तर्फ १५०० जनका लागि रु. १५ करोड ९८ लाख ९४ हजार गरी जम्मा रु. २९ करोड ९८ लाख ५४ हजार सशर्त चालु अनुदानमा बाँडफाँड गरी LMBIS प्रविष्टि भै सकेको हुँदा सो को खर्च गरी लेखापरीक्षण गराई प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने ।
२. गत आर्थिक वर्ष देखि नै निरन्तर रुपमा सेवा पुर्याउँदै आएका प्राविधिकहरु (रा.प.अनं. द्धितिय श्रेणी सरह) लाई चालु आर्थिक वर्षमा समेत निरन्तरता दिइएको भए हाजिरी अभिलेख तथा सम्पादित कामको विवरण सम्बन्धित स्थानीय तहले प्रमाणित गरी सम्बन्धित स्थानीय तहलाई दिइएको बजेटको सीमा भित्र रहि नियमानुसार तलब भुक्तानी दिने ।
३. संघ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारको कार्यक्षेत्र निर्धारण भई वित्तिय संघीयता कार्यान्वयनमा आइसकेको सन्दर्भमा कृषि सेवा तथा पशु सेवा तर्फका प्राविधिकहरुको सेवा प्राप्त गर्न स्थानीय तहले पनि आफ्नो श्रोतबाट लागत सहभागिता गर्नु पर्ने र नेपाल सरकारले मात्र यस्तो पुरै खर्च व्यहोर्न नसक्ने भएकोले प्रत्येक स्थानीय तहको लागि आवश्यक पर्ने प्राविधिको निश्चित संख्या निर्धारण, नेपाल सरकार र स्थानीय तह बीचको लागत साझेदारीको निश्चित अनुपात र स्थानीय तहले आफ्नै कार्यक्रमको रुपमा यसको अपनत्व लिने गरी कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउने ।

..........................
लक्ष्मी प्रसाद निरौला
उप सचिव

बोधार्थः-

श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- मन्त्रालयको website मा राखिदिनु हुन ।
सिंहदरबार, काठमाण्डौ